नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना प्रविधि विभाग**
थापाथली, काठमाडौं

च.नं.:-
प.सं.:-

## प्रेस विज्ञप्ति

यस सूचना प्रविधि विभागद्वारा निर्माण गरी मिति २०७५/०४/१८ मा सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्थानीय तहका नागरिकलाई प्रदान गरिने सेवा लगायत सूचना एवं जानकारी सहित ७५३ बटै स्थानीय तहका लागि प्रयोग हुने एउटै Template मा निर्मित Mobile Application को शुभारम्भ भएको व्यहोरा सर्वविदितै छ । उक्त Mobile Application प्रयोगमा ल्याउने स्थानीय तहको संख्या हालसम्म ४३३(चारसय तेत्तीस) रहेको छ । गत आ.व. मा उक्त प्रयोगमा रहेका एपहरुको स्तरोन्नति र नयां सुविधा थप गरि तयार पारिएको यस Mobile Application को प्रयोग मार्फत नागरिकले सम्बन्धित स्थानीय तहद्वारा प्रदान गरिने सेवाहरु, कार्यक्रम तथा परियोजना, ऐन नियम, वडाहरुको विवरण, महत्वपुर्ण स्थानहरु, आपतकालिन नम्बर, सुझाव तथा गुनासो पेश गर्न, समस्या दर्ता गर्न, जनमत जाहेर गर्न र दोहोरो संवाद लगायत अन्य सुचना तथा जानकारी सजिलै प्राप्त गर्नुका साथै यस एपबाट हाल फैलिएको COVID-19 जस्तो महामारीमा सुचना (Landing message, Notification) प्रवाह गर्न, स्थानीय तहबाट प्रदान गरिने सेवाहरु वापतको भुक्तानी नागरिकहरुले एपबाट नै विद्युतीय (Digital Wallet) माध्यमबाट गर्न समेत सक्नेछन । यस Mobile Application को माध्यमबाट स्थानीय तहमा सुशासन कायम गर्न महत्वपूर्ण भूमिका रहनेछ ।

यस विभागद्वारा एउटै एपबाट सम्पूर्ण स्थानीय तहको फरक पहिचान हुने गरी तयार गरिएको मोबाइल एप्लिकेशन Android प्रयोगकर्ताहरुले Play Store बाट र IOS प्रयोगकर्ताहरुले App Store बाट "स्थानीय तहको एप (Local Level)" नामबाट खोजी गरी प्राप्त गर्न सक्नेछन ।

नोटः हालसम्म यस विभागको खाताबाट Play Store र App Store मा स्थानीय तहहरुको छुट्टा छुट्टै नाममा रहेका एपहरु नयां एप सञ्चालन पश्चात स्वत: सञ्चालनमा नरहने जानकारी गराइन्छ ।

मिति: २०७७/०५/२१

प्रेमशरण श्रेष्ठ
महानिर्देशक
सूचना प्रविधि विभाग